**१०. वर्तमान अवस्था**

प्रस्तावित रहेका ४ वटा सिंचाइ प्रणालीहरूमा कन्काई सिंचाइ प्रणाली झापा र सुनसरी मोरङ्ग सिंचाइ योजना सीतागंज शाखा (सुनसरी), महाकाली सिंचाइ प्रणाली (प्रथम चरण), कञ्चनपुर, जल उपभोक्ता समितिलाई हस्तान्तरण भई कार्य संचालन भइरहेको छ । नारायणी सिंचाइ प्रणालीको ब्लक नं. २ र ८ मा सिंचाइ व्यवस्थापन हस्तान्तरणको तयारी अन्तिम चरणमा पुगेको छ ।

## सिंचाइ व्यवस्थापन हस्तान्तरण कार्यान्वयनका चरणहरू

**सिंचाइ व्यवस्थापन हस्तान्तरणको लागि उपआयोजनाको पहिचान**
**(System Identification)**

↓

चरण १ : सूचिकृत प्रणालीहरुको छनौट विधि निर्धारण
(Set Selection Criteria)

चरण २ : सिंचाइ व्यवस्थापन हस्तान्तरणका लागि उप-योजनाको छनौट
(Selection of Sub-Projects)

↓

**परामर्श प्रक्रिया एवं प्रारम्भिक सूचना संकलन**
**(Consultation Process and Primary TInformation Collection)**

↓

चरण ३ : जल उपभोक्ता संस्था तथा कृषकहरुसंग परामर्श प्रक्रिया
(WUA Consultation)

चरण ४ : उप योजना सम्बन्धी शीघ्र लेखाजोखा प्रतिवेदन तयारी
(Rapid Appraisal)

चरण ५ : योजनाको चल अचल सम्पति विवरण तयारी
(Asset Inventory)

चरण ६ : प्रणालीको Benchmarking
(Benchmarking of sub-project)

चरण ७ : ज.उ.स. को सदस्यता सूची
(WUA Inventory)

चरण ८ : पार्सेलरी नक्साको तयारी
(Parcellary Map)

↓

**सिंचाइ व्यवस्थापन हस्तान्तरणको कार्यान्वयन तयारी**
**(Preparation of IMT Implementation)**

↓

चरण ९ : ज.उ.स. र सिंचाइ विभागको अन्तरक्रिया
(Interaction between WUA and DOI)

चरण १० : ज.उ.स. र सिंचाइ विभागको साधारण मान्यतामा सम्झौता
(Signing on Irrigation Management Transfer Agreement)

↓

**सिंचाइ व्यवस्थापन हस्तान्तरणको लागि संस्थागत सबलता**
**(Institutional Strengthening for IMT)**

↓

चरण ११ : ज.उ.स.को र फिल्ड कर्मचारीको क्षमता विकास
(WUA and field Staffs Capacity Development)

चरण १२ : ज.उ.स. को संस्थागत विकास
(WUA Institutional Development)

चरण १३ : ज.उ.स.को सहभागितामा महत्वपूर्ण संरचनाको सुधार (ESI) को प्राथमिकीकरण
(ESI Prioritization)

चरण १४ : अति आवश्यक संरचना सुधार कार्य
(ESI Implementation)

चरण १५ : नहरमा पानी मापन कार्य
(Flow Measurement)

↓

**ज.उ.स. र सिंचाइ विभागद्वारा मर्मत सम्भार कार्यान्वयन**
**(Implementation of O & M by DOI and WUA)**

↓

चरण १६ : नहर संचालन निर्देशिका तयार गर्ने
(Preparation of Canal Operation Guidelines)

चरण १७ : नहरलाई मर्मत सम्भार निर्देशिका तयार गर्ने
(Preparation of Canal Maintenance Guidelines)

चरण १८ : नहर मर्मत सम्भारका लागि जउसलाइ उत्तरदायित्व हस्तान्तरण
(Responsibility transfer to WUA for O&M)

↓

**अनुगमन तथा मूल्याङ्कन र कृषि कार्यक्रम कार्यान्वयन**
**(Monitoring Evaluation and Agricultural Activities Implementation)**

↓

चरण १९ : नहर प्रणाली चले नचलेको अनुगमन
(Monitoring the Functionality of the System)

चरण २० : एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम
(Implementation of ICWMP)

चरण २१ : ज.उ.स.को कार्य सम्पादन मूल्याङ्कन
(Evaluation of WUA Performance)

चरण २२ : नहर प्रणालीमा गरिएको प्रणाली संचालन सुधार सम्बन्धी समीक्षा
(Review of the System Operation Refinement)


**आयोजना निर्देशकको कार्यालय**
**सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना**
**सिंचाइ विभाग,जावलाखेल,ललितपुर ।**
**फोन नं. ०१-५५३०९२२ ,०१-५५२८५८५**
**इमेल: iwrmp_doi@yahoo.com**
**iwrmp@wlink.com.np**
**फ्याक्स न. ०१-५५३०९३८**


# सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (IWRMP)
# सिंचाइ व्यवस्थापन हस्तान्तरण (IMT)
# परिचय




**आयोजना निर्देशकको कार्यालय**
**सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना**
**सिंचाइ विभाग,**
**जावलाखेल, ललितपुर ।**

# सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना
# सिंचाइ व्यवस्थापन हस्तान्तरण कार्यक्रम संबन्धी परिचय

## १. परिचय

नेपाल सरकार, सिंचाइ मन्त्रालय, सिंचाइ विभाग, सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना अन्तर्गतको सिंचाइ व्यवस्थापन हस्तान्तरण (IMT) अन्तर्गत हाल संयुक्त व्यवस्थापनमा रहेका सिंचाइ आयोजनाहरू पूरा वा आंशिक रूपमा सिंचाइ व्यवस्थापनको जिम्मेवारी सम्वन्धित जल उपभोक्ता संस्थालाई हस्तान्तरण गर्ने उद्देश्यका साथ ल्याइएको एउटा कार्यक्रम हो ।

यस कार्यक्रमको मूल उद्देश्य एउटा सक्षम, स्वतन्त्र, स्वनियमित, स्वशासित र आत्मनिर्भर सशक्त जल उपभोक्ता संस्थाको निर्माण गरी कार्य संचालन गर्ने रहेको छ । यसका साथै सरकारी श्रोतको अभाव तथा व्यवस्थापनमा कमजोरी र कृषकहरूमा रहेको स्वच्छन्दताले सिंचाइ प्रणालीको प्रभावकारितामा ह्रास आइरहेको पृष्ठभूमिमा यो सिंचाइ व्यवस्थापन हस्तान्तरणका कार्यक्रमले स्थान पाउन पुगेको विषय पनि उत्तिकै सान्दर्भिक हुन पुगेको छ । अर्कातर्फ विकेन्द्रीकरण, सुशासन र स्वामित्वका सवालहरू सिंचाइ व्यवस्थापन हस्तान्तरणको जगका रूपमा रहेका विषयवस्तु हुन् । प्राविधिक, संस्थागत र आर्थिक रूपमा आत्मनिर्भर जल उपभोक्ता संस्था मार्फत प्रभावकारी तथा समन्यायिक सिंचाइ सेवा वितरण, सिंचाइ सेवामा वृद्धि र सिंचाइ सेवाको सुनिश्चितताका अपेक्षालाई कार्यरूप दिन सिंचाइ व्यवस्थापन हस्तान्तरण कार्यक्रम शुरू गरिएको हो ।

| सि.नं. | सिंचाइ आयोजनाको नाम | जिल्ला | हस्तान्तरण हुने प्रणाली शाखाको नाम | कमाण्ड क्षेत्र हेक्टर |
|---|---|---|---|---|
| १. | कन्काई सिंचाइ आयोजना | झापा | सबै शाखा (२२ वटा) | ७००० |
| | | | जम्मा | ७००० |
| २. | सुनसरी मोर सिंचाइ आयोजना | सुनसरी र मोर | रामगंज<br>सितागंज<br>विराटनगर | ७८००<br>८०००<br>५००० |
| | | | जम्मा | २०८०० |
| ३. | नारायणी सिंचाइ आयोजना | वारा र पर्सा | ब्लक नं. २ र ८<br>ब्लक नं.१,३, र ९<br>ब्लक नं. ४,५ र ६ | ६०००<br>८४००<br>८००० |
| | | | जम्मा | २२४०० |
| ४. | महाकाली सिंचाइ आयोजना | कञ्चनपुर | प्रथम चरण<br>दोस्रो चरण | ५१००<br>५७०० |
| | | | जम्मा | १०८०० |
| | कुल सिंचाइ व्यवस्थापन हस्तान्तरण हुने क्षेत्र | | | ६१००० हेक्टर |

## ३. सिंचाइ व्यवस्थापन हस्तान्तरण के हो ?

जल उपभोक्ता संस्थाको क्षमता अभिवृद्धि गरी उल्लेखित कमाण्ड क्षेत्र भित्रका सिंचाइका संरचनाको अति आवश्यक मर्मत, सम्भार, संचालन र संरक्षण गरी न्यायिक रूपमा सबै सदस्यलाई सेवा उपलब्ध गराउने गरी सिंचाइ व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी जल उपभोक्ता संस्थालाई सुम्पिने प्रक्रिया हो । यस प्रक्रियालाई सहयोग तथा माग भई आएमा नियमित रूपमा प्राविधिक सहयोग उपलब्ध गराउने दायित्व नेपाल सरकार, सिंचाइ विभागको हुनेछ । विशेषत:

- सिंचाइ प्रणालीको शासन, व्यवस्थापन र मर्मतको जिम्मेवारी जल उपभोक्तालाई दिने ।
- हेड वर्क्स, मूल नहर र यसमा निर्मित हेड रेगुलेटरको संचालन र मर्मत सिंचाइ विभागले गर्ने ।
- सम्झौता-पत्रमा उल्लेखित नहर प्रणाली, संरचना र हस्तान्तरण गरिएका सम्पत्तिहरूको संचालन, र मर्मत संभार र सुरक्षाको कार्य जल उपभोक्ताहरूले नै गर्ने ।

## ४. सिंचाइ व्यवस्थापन हस्तान्तरण किन ?

- जल उपभोक्ता संस्थाको पानी माथिको अधिकार स्थापित गर्न, समन्यायिक रूपमा सिंचाइ सेवा उपलब्ध गराउन,
- जलस्रोत व्यवस्थापनमा निजी–सार्वजनिक क्षेत्रको साझेदारीको अवधारणाको विकास र सम्बर्द्धन गर्न,
- स्वनियमित, स्वशासित र स्वनियन्त्रित जल उपभोक्ता संस्था निर्माण गर्नुका साथै सिंचाइ व्यवस्थापनमा जल उपभोक्ता संस्थालाई आत्मनिर्भर बनाउन ।

## ५. सिंचाइ व्यवस्थापन हस्तान्तरणका प्रक्रियाहरु/चरणहरु:

आयोजना कार्यान्वयन चक्रमा २२ वटा चरणहरू रहेका छन् । यी चरण क्रमशः पुरा गरी एउटा चरणबाट अर्को चरणमा प्रवेश गर्नुपर्ने हुन्छ ।

## ६. सिंचाइ व्यवस्थापन हस्तान्तरणमा गरिने मुख्य क्रियाकलापहरु :-

- कृषक जल उपभोक्ता संस्थालाई आयोजना तथा सिंचाइ व्यवस्थापन हस्तान्तरण संबन्धी जानकारी दिइनेछ ।
- जल उपभोक्ता कृषकहरूसँग छलफल राय, सल्लाह, सुझाव संकलन गरी कार्यक्रम संचालन गरिनेछ ।
- वृहत रूपमा परामर्श बैठक र कानूनी रूपमा संम्झौता पत्रमा हस्ताक्षर गरी कार्यक्रम विधिवत रूपमा कार्यान्वयन गरिनेछ ।
- विभिन्न अध्ययन र योजना बनाइने, सो अनुसार कार्य संचालन हुनेछ ।
- कर्मचारी र कृषक क्षमता अभिवृद्धिका कार्यक्रमहरू, जल उपभोक्ता संस्था विकासका कार्यक्रमहरू गरिनेछन् ।
- जल उपभोक्ता संस्थाको कार्यालय स्थापनार्थ अनुदान सहयोग प्रति हेक्टर रू. ११८ का दरले नगद अनुदान उपलब्ध हुनेछ ।
- संस्थाको सहयोगमा जनसहभागितामूलक पद्दति अनुसार अति आवश्यक संरचना सुधारको निर्धारण र कार्यान्वयन हुनेछन् ।
- Scheme Coordination Committee (SCC) मार्फत IMT सम्बन्धी कार्यक्रमको स्वीकृति, अनुगमन, र मूल्याङ्कन हुनेछ ।
- अमेरिकी डलर १५० प्रति हेक्टर सम्म लगानी हुने गरी अति आवश्यक संरचना सुधारको कार्य गरिनेछ ।
- अति आवश्यक संरचना सुधारको कार्य गर्दा उपभोक्ताहरू खासगरी दलित, महिला, जनजाति र आयोजना प्रभावित समूह (PAF) लाई परेको प्रभाव न्यूनीकरणका लागि सामाजिक तथा वातावरणीय व्यवस्थापन योजना (SEMP) बनाई सो को कार्यान्वयन गरिन्छ ।
- एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम मार्फत कृषि उत्पादन र बजार व्यवस्थापनका कार्यक्रम संचालन गरिनेछन् ।
- जल उपभोक्ता संस्थालाई नहर प्रणालीको मर्मत संभार र संचालनमा सहयोग पुग्ने उद्देश्यका साथ एस्काभेटर मेशिन उपलब्ध गराइनेछ ।
- जल उपभोक्ता संस्थाका पदाधिकारीहरुलाई नहर मर्मत संभार, जल व्यवस्थापन र ज.उ.स. बैठकहरूमा उपस्थित हुन सहजता होस भन्ने मनसायले सवारी साधन अन्तर्गत मोटरसाइकल तथा साइकलहरू उपलब्ध हुनेछन् ।
- जल उपभोक्ता संस्थाको कार्यालय संचालन र सिंचाइ सेवा शुल्क संकलनमा सहजताका लागि प्रिन्टर सहितको कम्प्युटर मेशिन उपलब्ध गराइनेछ ।
- जल उपभोक्ता संस्थालाई कार्यालय भवन मर्मत संभार गर्ने कार्यका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- यस बाहेक जल उपभोक्ता संस्थालाई सहयोग पुऱ्याउनका लागि संस्थागत विज्ञ, जल व्यवस्थापन विज्ञ लगायत अन्य प्राविधिक सहयोग (TA) विज्ञ र सरकारी कर्मचारीहरूको निरन्तर सहयोग प्रदान हुनेछ । आवश्यकता अनुसार उपभोक्ता समितिलाई समय समयमा विविध विषयमा राय सल्लाह सुझाव दिई कार्य संचालनमा प्रभावकारिता ल्याइनेछ ।

## ७. जनसहभागिता

अति आवश्यक संरचना सुधार कार्यका लागि जल उपभोक्ता संस्थाले नगद, जिन्सी, र श्रम गरी कुल लागतको १० प्रतिशत योगदान गर्नु पर्नेछ ।

## ८. सिंचाइ विभाग तथा जल उपभोक्ता संस्थाको दायित्व:

- हेडवर्क्स र मूल नहरको जिम्मेवारी नेपाल सरकार र सो बाहेक मूल नहरभन्दा मुनिका सम्पूर्ण संरचनाहरूको सम्पूर्ण दायित्व जलउपभोक्ता संस्थामा रहनेछ ।
- हस्तान्तरण भएका संरचनाहरूको मर्मत सम्भार, संचालनका लागि आवश्यक खर्च जुटाउनका निम्ति सिंचाइ सेवा शुल्क वा अन्य शुल्क उठाउने दायित्व जल उपभोक्ता संस्थाको हुने र सिंचाइ विभागले नियमित रूपमा अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिनेछ ।
- हस्तान्तरण भएका संरचनामा आवश्यक प्राबिधिक सहयोग सिंचाइ विभागले उपलब्ध गराउनेछ ।
- सिंचाइ विभाग तथा जल उपभोक्ता संस्थाबाट जल उपभोक्ताहरुको पीर मर्का र गुनाशा व्यवस्थापन गरिनेछन् ।
- आयोजना कार्यान्वयनमा पारदर्शिता र जवाफदेहिता लगायत सामाजिक लेखापरीक्षण गरिनेछन् ।

## ९. सिंचाइ व्यवस्थापन हस्तान्तरणका फाइदाहरु तथा उपलब्धी

- पानी र हस्तान्तरित नहर माथि जलउपभोक्ता संस्थाको नियन्त्रणका साथै सिंचाइ अधिकारको सुनिश्चितता हुनेछ ।
- समानुपातिक रूपमा सिंचाइ सेवा उपलब्ध हुनेछ ।
- आवश्यक मात्रा र समयमा सिंचाइ सेवा उपलब्ध हुनेछ ।
- आफू नजिकको कृषक संस्थाबाट सजिलो, उपयुक्त र न्यायिक तरिकाबाट समस्या व्यवस्थापन गरिनेछन् ।
- सिंचाइ सेवा शुल्क संकलन र श्रोत परिचालन हुनेछ ।
- सशक्त कृषक संगठन मार्फत सुशासनको अनुभूति गराइनेछ ।
- बहुउद्देश्यीय जल उपभोक्ता संस्थाको प्रारम्भ विन्दुका रूपमा जल उपभोक्ता संस्थाको विकास गरिनेछ ।
- जल उपभोक्ता संस्थाको सशक्तिकरण र आत्मनिर्भरताको विकास हुनेछ ।
- सामाजिक पूँजी निमार्ण हुने अवस्थाको सिर्जना गरिनेछ ।
- सिंचाइ सेवाको प्रभावकारितामा वृद्धि हुनेछ ।